https://medicalpatra.com/news-details/10377/2023-07-07

मेडिकल पत्र

# डाक्टरले प्रिस्क्राइव गरिएका औषधिमध्ये ३८ प्रतिशत औषधि एन्टीबायोटिक

२२ असार, २०८०




**काठमाडौं।** नेपालमा डाक्टरको प्रिस्क्रिव्सन बिना औषधि किन्ने बिरामी ४३ प्रतिशत भेटिएको छ भने डाक्टरले गर्ने प्रिस्क्रिव्सन पनि मापदण्ड भन्दा बढी भएको पाइएको छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको अनुन्धानको नतिजा सार्वजनिक गर्दै अनुसन्धानकर्ताहरुले यो तथ्य सार्वजनिक गरेका हुन्।

नेपालमा एन्टिमाइक्रोवियल औषधिको प्रयोगको अवस्था’बारे गरिएको अध्ययनअनुसार नेपालमा ७० प्रतिशत मानिसले कडा खालको एन्टिमाइक्रोवियल औषधि सेवन गर्ने गरेको, डाक्टरले प्रिस्क्राइव गरिएका औषधिमध्ये ३८ प्रतिशत औषधि एन्टीबायोटिक हुने गरेको तथा ४३ प्रतिशत बिरामीले डाक्टरको प्रिस्क्रिव्सन बिनै फार्मेसीबाट औषधि किन्ने गरेको पाइएको अध्ययनमा संलग्न

तथा त्रिभुनव विश्वविद्यालय (त्रिवि)का माइक्रोवायोलोजी केन्द्रीय विभागका सहप्राध्यापक डा. मेघराज बन्जाराले जानकारी दिए।

उनले भने 'डब्लूएचओले २० देखि २६.८ प्रतिशत भर्ना नभएका बिरामीलाई एन्टिमाइक्रोवियल औषधि खानका लागि सिफारिस गर्नुपर्दछ भनेर उल्लेख गरिएको छ। तर नेपालमा भने ३७.८ प्रतिशतले यसको प्रयोग गरिरहेका छन्'।

बढी प्रयोग हुने एन्टीबायोटिकमा सेफ्ट्रीजोन, मेट्रोनिडाजोल,
अर्निडाजोल, पिपरासिलिन टैज़ोबैक्टम, एजिथ्रोमाइसिन,नामक ५ वटा
एन्टिबायोटिक प्रेस्क्रिप्सन बिना प्रयोगमा आइरहेका औषधि रहेका छन्।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले एन्टिबायोटिकको जथाभावी प्रयोगसम्बन्धी अध्ययनले अब मन्त्रालयलाई यसको अवस्था के छ र अब कसरी काम गर्ने भन्नेमा सहयोग पुराउने बताए। उनले यस किसिमको अध्ययन आवश्यक भएका बेला परिषद्ले एन्टीबायोटिक र यसले निम्त्याएको समस्याकोबारेमा अध्ययन गरेकोमा धन्यवाद समेत दिए। उनले स्वास्थ्यकर्मीलाई जथाभावी एन्टीबायोटिक नलेख्न र बिरामीलाई पनि आफूखुशी एन्टीबायोटिक नखान आग्रह गरे।

यसैगरी ८५ प्रतिशत डाक्टरले एन्टिबायोटिकको जेनरिक नाम नलेखेको पाइएको छ। नेपालमा जैविक प्रतिरोध (एन्टिमाइक्रोवियल) औषधि खानेको सङ्ख्या बढ्दै गएको छ।